स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेत्री प्रियंका कार्कीले पहिलो पटक निर्माण गरेको फिल्म "मास्टर्नी"को ट्रेलर सार्वजनिक गरिएको छ। काठमाडौंमा आयोजित एक कार्यक्रमका बीच झन्डै २ मिनेट लामो ट्रेलर दर्शकमाझ ल्याइएको हो। ट्रेलरले फिल्मको कथावस्तु संक्षिप्तमा प्रकाश पारेको छ। पेशाले शिक्षिका रहेकी आमाले आफ्नी छोरीलाई बचाउन गरेको संघर्षलाई ट्रेलरमा देखाइएको छ। ट्रेलरअनुसार एक लेस्बियन युवतीले सिम्रन खड्कासँग जबर्जस्ती सम्बन्ध राख्ने प्रयास गर्छिन्।

**आजको विचार...**



श्रीमननारायण

ऊर्जा...
*(दुई पेजमा)*



वरिष्ठ अभिनेता राजेश हमालले लोकतन्त्रमा भीडको मानसिकता र नेताहरूको प्रवृत्तिको आलोचना गर्दै नेपाली राजनीतिको वर्तमान अवस्थाबारे गम्भीर चिन्ता व्यक्त गरेका छन्। ग्रीक दार्शनिक सुकरातको भनाइ उद्धृत गर्दै हमालले बिहीबार सामाजिक सञ्जालमा लेखेका छन्, "वक्ताहरूले डर, अहंकार र क्षणिक सन्तुष्टिको सहारा लिएर सम्पूर्ण भीडलाई प्रभावित गर्छन्। उनीहरूले जटिल समस्याहरूका लागि अत्यन्तै सरल समाधानको आश्वासन दिन्छन्।

❑ वर्ष ३२ ❑ अंक २३ ❑ २०८३ साउन २३ गते शनिबार 8 August 2026, Saturday ❑ पृष्ठ संख्या ४ मूल्य रू ५/-

**संक्षिप्त समाचार**

## बाढीबाट ९७ जनाको मृत्यु

**(रासस/एएफपी)**

**नयाँदिल्ली,** साउन २२/भारतको उत्तरपूर्वी असम राज्यमा आएको भीषण बाढीले जनजीवन अस्तव्यस्त बनाएको छ । बाढीमा कम्तीमा ९७ जनाको मृत्यु भएको र करिब एक लाख ७० हजार मानिस प्रभावित भएको सरकारी तथ्याङ्कले देखाएको छ । वर्षौंयताकै गम्भीर मानिएको बाढीले गाउँहरू डुबाउनुका साथै ठूलो क्षेत्रको खेतीयोग्य जमिनमा क्षति पुऱ्याएको छ । बाढीका कारण हजारौं मानिस घर छाडेर अस्थायी आश्रयस्थलमा जान बाध्य भएका छन् । सरकारी विवरणअनुसार बाढीको पानीले १४ हजार हेक्टरभन्दा बढी क्षेत्रफलमा लगाइएको बाली डुबाएको छ । यो क्षेत्रफल फ्रान्सको राजधानी पेरिसको क्षेत्रफलभन्दा करिब डेढ गुणा ठूलो हो ।सबैभन्दा बढी प्रभावित शिवसागर जिल्लामा घरहरू आधा डुबेका, ठूला रुख उखेलिएका तथा सवारीसाधन माटो र बाढीको पानीमा पुरिएका दृश्य देखिएको एएफपीका पत्रकारले बताएका छन् । कतिपय बस्तीमा बाढीको पानीले आवागमनसमेत अवरुद्ध पारेको छ ।असमका मुख्यमन्त्री हिमन्त विश्व शर्माले बाढीको पानीबाट आफ्नो पाल्तु कुकुरलाई बचाउने प्रयास गर्दा ज्यान गुमाएका १३ वर्षीय बालकका परिवारलाई समवेदना व्यक्त गरेका छन् ।

# एक गरिब बिरामीको कारुणिक व्यथा : 'मरेपछि मात्रै खबर गरिदिनुस्'

## डाक्टरको चन्दाले जब जोगायो अनिलको ज्यान

**प्रगति ढकाल/रासस**

**काठमाडौँ,** साउन २२ / वीर अस्पतालस्थित नयाँ भवनको तेस्रो तलामा बिरामीको चाप छ । कोही 'बेड' नपाएर तनावमा छन् । कोही दुखाइको छटपटीमा छन् । कोही बिरामी भेट्न जानेहरु छन्, कोही आफ्ना बिरामीको अवस्था देखेर हतासमा छन् ।

कोही उपचारपश्चात् घर फर्कने तयारी छन् । ओहोरदोहोर गर्नेको बाक्लै भीड छ । त्यही तलाको 'बेड' नम्बर ३४९ मा छन्, कालीकोट स्थायी घर भई काठमाडौंस्थित डल्लुमा बस्ने अनिल दमाईं । गत शनिबार राति करिब १०:०० बजेको समय थियो । खाना खाएर उनी सुत्ने तर्खरमा थिए । अचानक पेटमा असह्य पीडा सुरु भयो । केहीबेरमै उनको शरीर पसिनाले निथ्रुक्क भिज्यो । श्वास फेर्न गाह्रो हुन थाल्यो । पीडा यति असह्य थियो कि उनलाई आफू



अब बाँच्दिन कि भन्ने लाग्न थाल्यो तर पनि उनले एक घण्टासम्म आफ्नो पीडा परिवारसँग लुकाए । श्रीमती नआत्तिउन्, घरका सदस्यहरू डराउन नपरोस् भन्ने सोचले उनी चुपचाप छटपटाइरहे । पीडा झन् बढ्दै गएपछि अन्ततः उनले श्रीमतीलाई भने, "अब मरे पनि सरकारकै अस्पताल (वीर अस्पताल) मै मरुँला ।" घरमा खोज्दा जम्मा २० रुपैयाँ रहेछ । औषधि किन्ने त परको कुरा, अस्पताल पुग्ने खर्चसमेत थिएन । छिमेकीसँग ५०० रुपैयाँ सापटी लिएर उनी श्रीमती लिएर ट्याक्सी चढे । "अरू समय डल्लुदेखि वीर अस्पताल पुग्नका लागि ट्याक्सीले ३०० जति लिने गर्थे । रातमा महँगो लाग्छ भनेर ५०० नै लिएँ । दुई सय फिर्ता दिनुस् न भनेर आग्रह गरेको ट्याक्सी चालकले मिल्दै भने । निर्दयी रहेछन्", दमाईं भन्छन् । अस्पताल पुग्दासम्म उनीहरूका साथमा रु २० बाँकी रहेछ । अस्पतालको आकस्मिक कक्षमा पुगेपछि अर्को पीडाले सतायो । उनीहरुका साथमा टिकट काट्ने पैसा थिएन । उपचार सुरु गराउने प्रक्रिया नै रोकियो । अनिलको पेटको पीडा बढ्दै गइरहेको थियो । उनी छटपटाइरहे । बिहानसम्म उनको अवस्था झन् जटिल बन्न थाल्यो । "म त बाँच्दिन होला । पीर नगर्नु । राम्रोसँग बच्चा हेर्नु", अनिलले श्रीमतीलाई अर्थ्याए ।

**सडकमा व्यापार गर्न नपाएपछि समस्या**

कालीकोटका अनिल २५ वर्षअघि राम्रो भविष्यको सपना बोकेर काठमाडौँ आएका थिए । राजधानीमा आएपछि उनी सडक किनारमा ज्याकेट, टी-सर्टलगायत कपडा बेच्न थाले । हातमा सामान झुन्ड्याएर सडक-सडक घुमेर व्यापार गर्नु नै उनको जीविकोपार्जनको आधार थियो ।"व्यापार छैन, केही छैन, "दमाईं भन्छन्, "एक-दुई वटा ज्याकेट र टी-सर्ट बेचेर जसोतसो घर चलाइरहेका थियौँ तर पछिल्ला वर्षमा महानगरपालिकाले फुटपाथ व्यापार हटाउने अभियान सुरु गरेपछि हामीलाई गाह्रो भयो ।" अहिले पनि उनी सामान बोकेर सडक सडक डुल्छन् तर भाग्नुपर्ने, महानगर प्रहरीले समात्ने डर, दिनभर

व्यापार गरेर पनि खर्च नउठ्ने अवस्थाले सतायो । अनिल भन्छन्, "लुकीलुकी व्यापार गर्नुपर्छ । कहिले भाग्नुपर्छ, कहिले सामान जोगाउनुपर्छ । यसरी घर कसरी चलाउने ?" उनको परिवारमा तीन छोरा छन् । उनीहरूको पढाइको खर्च, पाँच हजार रुपैयाँ मासिक कोठाभाडा, ९० वर्षीया वृद्ध आमाको हेरचाह र दैनिक खाना खर्च सबै यही सानो व्यापारबाट चल्थ्यो । बचत गर्ने अवस्था कहिल्यै बनेन् ।

**पैसाको अभावले पनि मृत्युको डर**

अस्पतालमा चिकित्सकले जाँच गरेपछि थाहा भयो, अनिललाई हर्निया रोगले जटिल अवस्थामा पुऱ्याएको रहेछ । त्यसमाथि उच्च रक्तचाप र मधुमेहको समस्या पनि देखियो । तत्काल शल्यक्रिया नगरे ज्यान जोखिममा पर्नसक्ने चिकित्सकले सुझाए । तर शल्यक्रियाको खर्च कसरी जुटाउने ? चिन्ताले सतायो । अनिलका अनुसार त्यसबेला उनलाई आफ्नो ज्यानभन्दा पनि पैसाको चिन्ता बढी थियो । "पैसा थिएन । दुखाई खप्न पनि गाह्रो भयो । बरु मरिहाल्न पाएहुन्थ्यो भनेर आफ्नै मृत्यु पुकार्न बाध्य भए", यति भन्दै गर्दा उनको आँखाबाट बरबर आँसु खसिरहेका थिए । *(बाँकी अन्तिम पेजमा...)*

## कृषि उत्पादनमा आत्मनिर्भर बनौं

- आधुनिक प्रविधिको प्रयोग गरी कृषि उत्पादन वृद्धि गरौं,
- कृषकलाई आवश्यक मल, वीउ समयमै उपलव्ध गराऔं,
- स्थानीय उत्पादनलाई बजारसम्म पुऱ्याउन बजार संयन्त्रको विकास गरौं,
-कृषकलाई सीप, तालिम र सहुलियतपूर्ण ऋण उपलव्ध गराऔं,
-जमिनको संरक्षण गरौं, खेतीयोग्य भूमिको सदुपयोग गरौं,
-कृषि उत्पादन बढाऔं र कृषि उपजमा आत्मनिर्भर बनौं,
-नवीन प्रविधि र अवसर उपलब्ध गराई युवाहरूलाई कृषिमा आकर्षित गरौं।

**कृषि पेशा प्रति सम्मान र गौरव गरौं।**

नेपाल सरकार

**विज्ञापन बोर्ड**

## कुमारी बैंकद्वारा १० लाख बीमा दाबी रकम हस्तान्तरण

**पाल्पा,** साउन २२/ कुमारी बैंक लिमिटेडले १० लाख रुपैयाँबराबरको बिमा दाबी रकम हस्तान्तरण गरेको छ । बैंकको तानसेनस्थित बर्तुङ विस्तारित काउन्टर र पाल्पा शाखाले परिवार सुरक्षा बचत खाताअन्तर्गत लाभग्राहीलाई सो रकम हस्तान्तरण गरेको हो ।

तानसेन नगरपालिका-७, बैसीधारा नमुना टोल, बर्तुङ निवासी सुनिता पौडेलका श्रीमान् अशोक पौडेलको दुर्घटनाबाट निधन भएपछि खातासँग सम्बन्धित बीमा दाबी प्रक्रिया पूरा गरी उक्त रकम हस्तान्तरण गरिएको बर्तुङ विस्तारित काउन्टरका इन्चार्ज विष्णु भट्टराईले जानकारी दिए । बीमा दाबी रकम हस्तान्तरण गर्दै इन्चार्ज भट्टराईले कठिन परिस्थितिमा उक्त रकमले शोकाकुल



परिवारलाई आर्थिक सहारा पुग्ने विश्वास व्यक्त गरे । बीमा दाबी रकम बुझ्दै सुनिता पौडेलले श्रीमानको निधनपछि पारिवारिक खर्च व्यवस्थापनमा उक्त रकमले महत्वपूर्ण सहयोग पुग्ने बताइन् । बैंकले ग्राहकको वित्तीय सुरक्षा तथा परिवारको आर्थिक संरक्षणलाई प्राथमिकतामा राख्दै विभिन्न बचत योजनासँग आकर्षक बीमा सुविधा उपलब्ध गराउँदै आएको जनाएको छ । बैंकका अनुसार 'परिवार सुरक्षा बचत खाता' अन्तर्गतको बीमा सुविधाले अप्रत्याशित घटनाबाट प्रभावित परिवारलाई आर्थिक राहत प्रदान गर्नुका साथै भविष्यको आर्थिक सुरक्षामा समेत योगदान पुऱ्याउने अपेक्षा गरिएको छ । ग्रामीण तथा दुर्गम क्षेत्रका नागरिकसम्म वित्तीय सेवा र बिमा सुरक्षाको पहुँच विस्तार गर्ने उद्देश्यले सञ्चालन गरिएका यस्ता योजनाले आर्थिक समावेशीकरणलाई थप सुदृढ बनाउने र आवश्यक समयमा ग्राहक तथा उनीहरूको परिवारलाई वित्तीय सहयोग उपलब्ध गराउने विश्वास बैंकले व्यक्त गरेको छ । विगत २५ वर्षदेखि निरन्तर बैंकिङ सेवा प्रदान गर्दै आएको बैंकले हाल देशभर २८५ शाखा, ४१ विस्तारित काउन्टर, ४० शाखारहित बैंकिङ बिन्दु तथा ३०२ एटीएममार्फत आधुनिक बैंकिङ सेवा प्रदान गर्दै आएको छ ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## ग्यास सर्वसुलभ बनाऊ

केही दिनयता देशका अधिकांश क्षेत्रमा खाना पकाउने ग्यासको चरम अभाव देखिएको छ । धेरैलाई त्यसको प्राप्तिको अनिश्चितताले पिरोलेको छ । लाइन बस्नुपरेको छ । भनसुन गर्नुपरेको छ । यस्ता काममा अल्झिनुपर्दा धेरैको काम बिथोलिन पुगेको छ । तर उद्योगी र विक्रेतासहित सरकार भने उपभोक्तालाई दोष दिएर ग्यास अभावको समस्याबाट पन्छिँदै आएका छन् । विगतमा जस्तै यसपालि पनि उनीहरूको उत्तर छ– उपभोक्ताले आवश्यकताभन्दा बढी जोहो गर्दा ग्यास अभाव सिर्जना भयो । तर, उपभोक्तालाई देखाएर सरकारी निकाय, उद्योगी र विक्रेता आफ्नो कमजोरीबाट पन्छिन मिल्दैनन् ।

आयल निगमले आधा सिलिन्डर ग्यास दिने नीति ल्याएपछि बजारमा ग्यास सर्वसुलभ भएको थियो । तर, गएको असार ३१ देखि भरी सिलिन्डर (१४.२ केजी) ग्यास दिन थालेको निगमले १५ दिन नहुँदै बजारमा फेरि अभाव देखिएको छ । अहिले देशका धेरै स्थानमा ग्यास छैन । खासमा उद्योगी, विक्रेता र आयल निगमको कमजोरीले बजारमा ग्यास अभाव भएको हो । यी तीनै पक्ष नागरिकप्रति जवाफदेही नदेखिएको र आफ्नो व्यापार व्यवसायमा मात्र स्वार्थ हुँदा उपभोक्ताले सास्ती खेप्नुपरेको छ । निगमको ग्यास आयात तथ्यांक पनि शंकाको घेरामा छ । भारतले दिएको कोटाअनुसार ग्यास आयात हुने तर उपभोक्ताले नपाउने अवस्थालाई कसरी लिने ? बजारमा ग्यास अभाव देखिएपछि कतिपयले कृत्रिम अभाव पनि गरेको हुन सक्छ । यसमा सम्बद्ध निकाय संवेदनशील हुनै पर्छ । अनुगमन प्रभावकारी बनाउनुपर्छ ।

ग्यास दैनिक जीवनको अत्यावश्यक वस्तु हो । यस्तो अत्यावश्यक वस्तुको आपूर्तिमा हुने कमीले आम नागरिकको जनजीवन प्रत्यक्ष रूपमा प्रभावित हुन्छ । त्यसैले ग्यास सहज आपूर्तिका लागि सरकार, आपूर्तिकर्ता र उपभोक्ता सबै पक्षले आफ्नो जिम्मेवारी इमानदारीपूर्वक पूरा गर्न आवश्यक छ । ग्यास अभाव समस्याको समाधानका लागि सरकारले ग्यासको पर्याप्त मौज्दात राख्ने, आपूर्ति प्रणालीलाई प्रभावकारी बनाउने र कालोबजारी तथा कृत्रिम अभाव सिर्जना गर्नेहरूमाथि कडा कानुनी कारबाही गर्नुपर्छ । साथै, ग्यास उद्योग र वितरकहरूले पारदर्शी वितरण प्रणाली अपनाई उपभोक्ताको विश्वास कायम गर्न आवश्यक छ । उपभोक्ताले पनि अनावश्यक रूपमा ग्यास सञ्चय नगरी आवश्यकताअनुसार मात्र खरिद गर्ने बानी बसाल्नुपर्छ । ग्यासको नियमित र सहज उपलब्धताले नागरिकको दैनिक जीवन सहज बनाउनुका साथै मुलुकको आर्थिक तथा सामाजिक स्थिरतामा पनि सकारात्मक प्रभाव पार्छ । त्यसैले ग्यास अभाव हुन नदिन सबै सरोकारवाला पक्षले समन्वय, जिम्मेवारी र इमानदारीका साथ काम गर्नु आजको आवश्यकता हो ।

### Opinion @ Social Network

मौन रहन सिकेको छु,
किनकि सबैले शब्दको मूल्य बुझ्दैनन्।
*(गुन रानाको फेसबुक स्टाटसबाट www.facebook.com/Gun.Rana)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# ऊर्जा विकासमा नेपालको बढ्दो पाइला



## श्रीमननारायण

*उद्योगले रोजगार पनि प्रचुर मात्रामा सिर्जना गर्नेछ र ग्रामीण अर्थतन्त्रलाई पनि उत्पादनशील बनाउनेछ । यसबाट पेट्रोलियम पदार्थको खपतमा पनि कमी आउनेछ र भारतमा नै बिजली बिक्री गरेर हामी दुई पक्षीय व्यापार घाटामा पनि कमी ल्याउँन सक्नेछौं । जसरी अरब राष्ट्रहरू आफ्नो तेलसम्मको उपयोग गरेर आधुनिक धन–कुबेर बन्न सकेका छन् त्यसरी नै हामी पनि आफ्नो जलसम्पदाको उपयोग गरेर देशको अर्थतन्त्रलाई बलियो बनाउन सक्छौं । दुई दशकअघि नेपालले १९ घण्टासम्म लोडसेडिङको सामना गरेको थियो । ऊर्जा र विकासबीच अन्योनाश्रित सम्बन्ध हुन्छ । जुन देशमा विद्युत्को जति बढी विकास भएको हुन्छ त्यो देश त्यति नै बढी विकास गरेको हुन्छ । ठीक यसविपरीत विद्युत्को विकास नभएको देशमा अँध्यारोले आफ्नो पकड जमाएको हुन्छ । नेपालमा लोडसेडिङ कम अथवा न्यून भएसँगै सबै क्षेत्रमा विकासको गतिले तीव्रता पाएको छ । अहिले त प्रत्येक क्षेत्र भनौं अथवा आमजनजीवननै विद्युतसँग सम्बन्धित छ । आधा–घण्टाको लोडसेडिङले पनि मानिसलाई विचलित गर्छ । सन् २०१४ मा दक्षिणी भारतका प्रधानमन्त्री बनेपछि नरेन्द्र मोदी आफ्नो दोस्रो विदेश भ्रमण नेपालमा गरेका थिए ।*

जलस्रोतको मामिलामा विश्वको दोस्रो ठूलो धनी देश मानिएको नेपाल आफ्नो प्रचुर जलसम्पदाको समुचित दोहन गर्न सकेन । नेपालसँग उल्लेखनीय जलविद्युत् उत्पादन सम्भावना छ तर हाल जडित क्षमता करिब ४३ सय मेगावाटको हाराहारीमा छ । जबकि प्रतिव्यक्ति वार्षिक विद्युत् खपतमात्र चार सय ५६ युनिट छ, जुनकि विश्व औसतभन्दा १० गुणा कम हो । नेपालसँग अझै व्यापक वृद्धि र विस्तारको सम्भावना छ तर त्यही अनुपातमा उत्पादनको गति बढाउनुसँग खपतको मात्रा बढाउनु पनि आवश्यक भएको छ । जलस्रोतभित्र केवल विद्युत्मात्रै आउँदैन, सिँचाइ खानेपानी र नदी नियन्त्रण जस्ता विषय पनि आउँछन् । नेपालको निम्ति सिँचाइ, खानेपाली र नदी नियन्त्रण पनि प्राथमिकताका विषय हुन् । नेपालमा ४० हजार मेगावाट बिजुलीको उत्पादन त आर्थिक र प्राविधिक रूपले पनि सम्भव छ । दक्षिणी छिमेकी भारतले आगामी दश वर्षमा दश हजार मेगावाट बिजुली खरिद गर्ने सम्झौता गरिसकेको छ । नेपालले आफनो ऊर्जा क्षमताको विस्तार गऱ्यो भने यो बढ्न सक्छ किनभने नेपालको बिजुलीलाई ऊर्जाका अन्य स्रोतभन्दा राम्रो मानिन्छ । नेपालले ऊर्जा क्षेत्रको विकासमा ध्यान केन्द्रित गऱ्यो भने यहाँ नयाँ–नयाँ उद्योगहरू पनि खुल्नेछन् । उद्योगले रोजगार पनि प्रचुर मात्रामा सिर्जना गर्नेछ र ग्रामीण अर्थतन्त्रलाई पनि उत्पादनशील बनाउनेछ । यसबाट पेट्रोलियम पदार्थको खपतमा पनि कमी आउनेछ र भारतमा नै बिजली बिक्री गरेर हामी दुई पक्षीय व्यापार घाटामा पनि कमी ल्याउँन सक्नेछौं । जसरी अरब राष्ट्रहरू आफ्नो तेलसम्मको उपयोग गरेर आधुनिक धन–कुबेर बन्न सकेका छन् त्यसरी नै हामी पनि आृनो जलसम्पदाको उपयोग गरेर देशको अर्थतन्त्रलाई बलियो बनाउन सक्छौं । दुई दशकअघि नेपालले १९ घण्टासम्म लोडसेडिङको सामना गरेको थियो । ऊर्जा र विकासबीच अन्योनाश्रित सम्बन्ध हुन्छ । जुन देशमा विद्युत्को जति बढी विकास भएको हुन्छ त्यो देश त्यति नै बढी विकास गरेको हुन्छ । ठीक यसविपरीत विद्युत्को विकास नभएको देशमा अँध्यारोले आृनो पकड जमाएको हुन्छ । नेपालमा लोडसेडिङ कम अथवा न्यून भएसँगै सबै क्षेत्रमा विकासको गतिले तीव्रता पाएको छ । अहिले त प्रत्येक क्षेत्र भनौं अथवा आमजनजीवननै विद्युतसँग सम्बन्धित छ । आधा–घण्टाको लोडसेडिङले पनि मानिसलाई विचलित गर्छ । सन् २०१४ मा दक्षिणी भारतका प्रधानमन्त्री बनेपछि नरेन्द्र मोदी आृनो दोस्रो विदेश भ्रमण नेपालमा गरेका थिए । नेपाल भ्रमणको क्रममा उनले नेपालको तत्कालीन संसद् ( संविधानसभा)मा आृनो सम्बोधन गर्दै भनेका थिए कि तत्काल भारतले नेपालको ऊर्जा अभावलाई पूरा गर्नमा सहयोग गर्नेछ र पछि नेपालबाट बिजुली खरिद गर्नेछ । नेपालमा बिजलीको उत्पादन वर्षा याममा हुँदै आएको छ । नदीमा पानीको स्तर कम भएपछि हाम्रो बिजुलीले हाम्रै आवश्यकतालाई पनि पूरा गर्न सकिरहेको छैन । वर्षामा नेपालले आवश्यकभन्दा बढी बिजुली उत्पादन गरे पनि त्यसलाई देशभित्र रिजर्भ गरेर राख्ने अथवा विदेशलाई बिक्री गर्ने अवस्था थिएन । मोदीको नेपाल भ्रमण सम्पन्न भए लगतै नेपाल र भारतबीच विद्युत् विकास सम्झौता र विद्युत् व्यापार सम्झौता भएको थियो । यस सम्झौतापछि नेपाल–भारतबीच बिजुलीको खरिद–बिक्री अथवा आयात–निर्यात सहज हुन गयो । उक्त सम्झौतापछि विद्युत् प्रसारण लाइनको निर्माणमा भारतले सहयोग गऱ्यो । हाल, नेपालले दक्षिणी छिमेकी भारतमा ६५० देखि ११४० मेगावाटसम्म बिजुली बिक्री गरिरहेको छ । नेपाल विद्युत् प्राधिकरणले पाएको पछिल्लो अनुमति अनुसार भारतमा १०९०.९ मेगावाट बिजुली निर्यात गर्ने स्वीकृति प्राप्त गरेको छ । वर्षायाममा उत्पादन बढ्दा निर्यातको यो परिणाम ६५० मेगावाटसम्म पुग्नेगर्छ । नेपालले विभिन्न आयोजनाबाट करिब १६५ मेगावाटसम्म बिजुली निर्यात गर्न भारतबाट अनुमति पाएको छ । दुई देशबीचको सीमापार विद्युत् व्यापार क्षमता हाल, १६५० मेगावाट पुगेको छ । दुई राष्ट्रबीच आगामी १० वर्षभित्र १० हजार मेगावाट बिजुली व्यापार गर्ने दीर्घकालीन सम्झौता भएको छ । नेपाल र भारतबीच मुख्यत: ढल्केबर–मुजफ्फरपुर अन्तरदेशीय प्रसारण लाइनमार्फत बिजुली निर्यात भइरहेको छ । नेपालले पछिल्ला चार वर्षमा ४९ अर्ब रुपैयाँको बिजुली निर्यात र ६५ अर्ब रुपैयाँको बिजुली आयात गरेको छ । नेपालले ४९ अर्ब रुपैयाँ जतिको बिजुली भारत र बंगलादेशलाई बेचेको छ । नेपालले सन् २०२१ नोभेम्बरमा पहिलो पटक भारतमा ३९ मेगावाट बिजुली निर्यात गरेको थियो । त्यसयता हरेक वर्ष निर्यात बढ्दै गएको छ । नेपाल र भारतबीचको ऊर्जा सहकार्यले अर्को महत्त्वपूर्ण कोशेढुंगा पार गरेको छ । पोखरामा हालै सम्पन्न नेपाल–भारत ऊर्जा सचिवस्तरीय संयुक्त निर्देशक समितिको १३औं बैठकले सीमापार विद्युत् व्यापारको क्षमतालाई उल्लेखनीय रूपमा विस्तार गर्दै १६५० मेगावाट पुऱ्याउने निर्णय गरेको छ । यो निर्णयसँगै नेपालमा वर्षायाममा बढी हुने विद्युत्लाई भारतीय बजारमा निर्यात गर्ने बाटो थप सहज भएको छ । बैठकले ढल्केबर–मुजफ्फरपुर सीतामढी ४०० केभी अन्तरदेशीय प्रसारण लाइनमार्फत हुने संयुक्त विद्युत् प्रवाहको क्षमता बढाउने निर्णय गरेको छ । जसअनुसार अब नेपालबाट भारततर्फ १६५० मेगावाटसम्म विद्युत् निर्यात गर्न सकिनेछ भने भारतबाट १४०० मेगावाटसम्म आयात गर्न सकिनेछ । यसअघि निर्यात क्षमता ११०० मेगावाट र आयात क्षमता १००० मेगावाटमात्र रहेको थियो । बैठकले अन्तरदेशीय प्रसारण लाइन निर्माणका विषयमा ठोस निर्णय गरेको छ । जसमा चमेलिया–जौलजिबी लाइन २२० केभीको यो प्रसारण लाइनको विस्तृत आयोजना प्रतिवेदन स्वीकृत गर्दै सन् २०२८ को डिसेम्बरसम्म सम्पन्न गर्ने लक्ष्य राखिएको छ । इनरुवा (पूर्णिया र दोदोधरा–बरेली) बनाउने निर्णय पनि भएको छ । ४०० केभीका यी दुई प्रसारण लाइनका लागि नेपाल विद्युत् प्राधिकरण र भारतको पावर ग्रिड कर्पोरेसनबीच संयुक्त उपक्रम कम्पनी स्थापना गर्ने प्रक्रियालाई तीव्रता दिइने भएको छ । नयाँ बुटवल–गोरखपुर लाइन पूर्णरूपमा तयार हुनुअघि नै सन् २०२६ सम्म २२० केभी क्षमता सन्चालनमा आउनेछ, जसबाट तत्काल १३० मेगावाट आयात र २०० मेगावाट निर्यात सम्भव हुनेछ । मोतिहारी निजगढ लाइन, ४०० केभी क्षमताको यो आयोजनाको डिपिआर स्वीकृत भएको छ । नेपाल र भारतले आगामी दश वर्षमा दश हजार मेगावाट विद्युत् व्यापार गर्ने दीर्घकालीन साझा लक्ष्य लिएका छन् । नेपालले सन् २०३५ सम्म २८ हजार ५ सय मेगावाट विद्युत् उत्पादन गर्ने राष्ट्रिय लक्ष्य राखेको सन्दर्भमा यो ऊर्जा साझेदारीले उत्पादन र बजारलाई जोड्ने काम गर्नेछ । पोखरा बैठकका निर्णय सोही लक्ष्य प्राप्तिका लागि महत्त्वपूर्ण बिल्डिङ ब्लक मानिएका छन् । यो विस्तारले नेपालको जलविद्युत् क्षेत्रमा विदेशी लगानी आकर्षण गर्न र वर्षायाममा खेर जाने बिजुलीको व्यावसायिक उपयोगमार्फत अर्थतन्त्रमा टेवा पुऱ्याउन मद्दत पुग्नेभएको छ । नेपालका ऊर्जा सचिव पंकज अग्रवालको सहअध्यक्षतामा सम्पन्न भएको बैठकले विगतका सहमतिलाई कार्यान्वयनमा लैजाने सुनिश्चितता गरेको छ । भारतीय लगानीका आयोजना र द्विपक्षीय प्राविधिक टोलीका सिफारिशलाई समेत प्राथमिकतामा राख्ने सहमति भएको छ । जलविद्युत् परियोजनाहरूको विकास विद्युत् व्यापार र प्रसारण पूर्वाधारलगायत द्विपक्षीय परियोजनाहरूको विकास, विद्युत व्यापार र प्रसारण पूर्वाधारलगायत द्विपक्षीय ऊर्जा क्षेत्र सहकार्यको बारेमा भएको सहमतिले नेपालको ऊर्जा क्षेत्रलाई लाभ पुऱ्याउनेछ । विद्युत् विकासको क्षेत्रमा नेपालको निरन्तर सफलता र उपलब्धि देशको निम्ति महत्त्वपूर्ण हो ।

*–इहिमालय डटकम*

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१–५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१–५४१२३३
भैरहवा ०७१–५२०१९९
अर्घाखाँची ०७७–५२११९९
गुल्मी ०७९–५२०१९९
परासी ०७८–५२०१९९
तौलिहवा ०७६–५६००९९
पाल्पा ०७५–५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५–६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१–५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१–५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१–५२०१९३
मिसनअस्पताल पाल्पा ०७५–५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५–५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५–५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५–४११२०१
पिचन्द्र परासी ०७८–५२०१८८
भैरहवा आँखा अस्पताल ०७१–५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७–५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९–५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६–५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१–५४४४५०
बुटवल हस्पितल ०७१–५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१–५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१–५४७८४०
आँखा अस्पताल पाल्पा:०७५–५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५–४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१–५४४६००
लियो क्लब अफ बुटवल ०७१–५४५८९३
रेडक्रस भैरहवा०७१–५२०२६३
रेयुकाई भैरहवा ०७१–५२६६७३,९८४७०२२४६४
परासी ०७८–५२०१२५
रेडक्रस पाल्पा ०७५–५२०६००
रेडक्रस तौलिहवा ०७६–५६००१५
रेडक्रस अर्घाखाँची ०७७–४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९–५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१–५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१–५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ९९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६–६९०१०२
रेडक्रस देवदह ०७१–५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५–५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५–५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : काममा उत्साह बढ्नेछ। कार्यक्षेत्रमा नयाँ अवसर मिल्ने योग छ। | **तुला** : काममा सहयोग मिल्नेछ। कुनै कुरालाई लिएर मन प्रशन्न रहनेछ। |
| **वृष** : आर्थिक पक्ष सामान्य रहनेछ। कार्यक्षेत्रमा नयाँ अनुभव प्राप्त हुनेछ। | **वृश्चिक** : मेहनतको राम्रो परिणाम मिल्नेछ। आम्दानी बढ्न सक्छ। |
| **मिथुन** : नयाँ चिनजान लाभदायक बन्न सक्छ। बोलीमा संयमता राख्नुहोस्। | **धनु** : विद्यार्थीहरूलाई शिक्षाको क्षेत्रमा फाइदा हुनेछ। आत्मविश्वास कायम राख्नुहोस्। |
| **कर्कट** : पुरानो योजना अघि बढ्न सक्छ। स्वास्थ्यलाई लिएर सचेत रहनुहोस्। | **मकर** : आर्थिक अवस्था सुधारिनेछ। धैर्यका साथ अघि बढ्नुहोस् सफलता मिल्नेछ। |
| **सिंह** : आत्मविश्वास बढ्नेछ। जिम्मेवारी आउन सक्छ। मेहनतको फल मिल्नेछ। | **कुम्भ** : विद्यार्थी वर्गका लागि परिक्षा सफल हुनेछ। साथीको सहयोग मिल्नेछ। |
| **कन्या** : सरकारी काम बन्न सक्छ। व्यापार मा लाभ मिल्नेछ। नयाँ योजना सफल हुनेछ। | **मीन** : नयाँ अवसर प्राप्त हुनेछ। सिर्जनात्मक काममा सफलता मिल्नेछ। |

# साहित्य दर्पण

निबन्ध — मोमिला

## इतिहास सहुलियतमा टुङ्गिनुहुन्न !

न डुङ्गा सडकमा हिँडोस् ! न गाडा पानीमा हिँडोस् ! ! अँध्यारो विगत खेप्दै-खेप्दै उज्यालोको सँघारमा भविष्य खोजिएका आँखाहरूको वर्तमान रिमरिमजस्तो प्रसवपीडा झेल्दै रहेको मेरो भूगोलको स्वतन्त्रता, कसोकसो बर्सन नसकेको आकाशसँग मीतको साइनो बाँधिएर प्रेमको धून रच्दै छ । म भावी विजयको उत्सव गीत रच्दै छु । यतिखेर सागरको वल्लो किनारबाट म डुङ्गामा यात्रा हिँडिसकेको छुह ऊ सडकको पल्लो किनारबाट गाडामा यात्रा हिँडिसकेको छ । म पल्लो किनार पुग्दा ऊ वल्लो किनार आइपुग्ने छ । अब डुङ्गा सडकमा नहिँडे पनि, गाडा पानीमा नहिँडे पनि अवश्य नै दुई किनारको मिलन हुने छ । किनकि यहाँ आफ्नो मर्यादा आफै बनाउनु छ र मर्यादाभित्र पनि आफै रहनु छ । आफ्नै अन्तर्मनको उन्मुक्त संवेदनहरूको चमकमा आफ्नै जिन्दगी जीवन्त बाँच्नु छ अर्थात् हामीले महामानवका रूपमा आफ्नो ईश्वर आफै खडा गर्नु छ । यथार्थत: ईश्वर र पशुवीचको वक्रयात्रा हो मान्छेह ऊ भयानक जरुर छ, खतरनाक जरुर छ तर भव्यतासहितको रुचिकर पनि जरुर छ । मानौं, जो सूर्यबाट उछिट्टिएर तेजस्वरूप धर्तीमा झरेको होस् र उसैका लागि सूर्य आृनो उज्यालो र न्यानो मृदुल किरण छरिरहेको होस्ह जो बादलबाट बर्सेको एक सुन्दर बुँद होस् र उसैको प्यास भर्न बादल बर्सिरहेको होस्ह जो हावाहुरीबाट उछिट्टिएको एक झोक्का प्राण होस् र उसैको प्राण भर्न हावा बहिरहेको होस्ह जो पृथ्वीकै आत्मीय एक अंश होस् र उसैका लागि पृथ्वी अन्नपात भरिरहेको होस्ह जो आकाशकै एक सितारा होस् र उसैका लागि आकाश जगमगाउँदो अनन्त स्पेस उभिएको होस् ! ... ! ! ... ! ! ! प्रिय सूर्यतेज ! ओ महान् सितारा ! ! साँच्चै जराथुष्ट्रले भनेजस्तै यदि यो संसार नहुँदो हो त तिमी कसका लागि उज्यालो छर्थ्यौ ! के त्यतिबेला पनि तिमी यत्तिकै खुसी हुन्थ्यौ ! एकादेशको कथादेखि आजसम्म पनि मान्छेभित्रको अँध्यारोको अन्त्य गर्न हरबिहान तिमी यो संसारमा प्रवेश गर्छौ र हरसाँझ तिमी हामीबाट ओझेल पर्छौ । अब मेरो जीवनको प्याला छल्किनुपहिले सिर्फ एकपटक मानवमनको अँध्यारो कन्दरा हुँदै मान्छेको निधारमा एक प्रभात चमक प्रसारित होइदेऊ, तत्पश्चात् मेरो जीवनको प्याला छचल्किएर पोखिनुमा, रित्तिनुमा या तिमी होइन आफै ओझेल पर्नुमा ममा कुनै खेद बाँकी रहने छैन । प्रिय जलधि ! प्रिय बादल ! ! तिमी बर्सिनुको मजासँग सारा जीवन अस्तित्वमा झुम्दै आएको कथा सबैभन्दा पुरानो भएर पनि आजसम्मको सबैभन्दा नयाँको लेबल स्वीकृत छ । अब झन नयाँको मेरो विशिष्ट सोखमा एक प्यासभरि नेपाली माटोका नाममा सीमान्त तृप्ति बर्सिदिऊ, त्यहींनेर म पूर्णविरामित हुन चाहन्छु ! त्यसपश्चात् मेरो कुनै गुनासो बाँकी रहने छैन । प्रिय वायुचेत ! प्रिय हावा ! ! तिम्रो स्पर्शचेतमा पुलकित म तिम्रो प्रचूर दृश्यअस्तित्व खोजिरहेछु । जीवात्माको एकमुठी प्राण धान्नमात्र निमी कति नर्मिएर धाइरहन्छौ ! यहाँका सारा अदृढ, अस्वस्थ मूलहरू भाँचिने गरी एक भूगोलभरिको झोक्का हुरी हुर्रिएर आऊ ! यहाँ हामीलाई आृनो कमजोरीस्वरूप स्थापन गरिएको अर्को लोकको सुन्दरता कल्पनु छैन । यही लोकको दृढ निश्चयी स्वस्थ सिर्जनामा डुल्नु छ, रम्नु छ ! पश्चात् अर्को कुनै आकाङ्क्षा बाँकी रहने छैन । प्रिय धर्ती ! प्रिय माता ! ! ! तिम्रै अंश यो अस्तित्व तिमीलाई स-फदय सम्मानगारत अर्पण गर्न चाहन्छ । नसा-नसामा तिम्रै सुगन्ध बहेको मेरो रक्तप्रवाहमा अझ तिम्रोपन भर्न चाहन्छु । तिम्रो तत्परता, तिम्रो आत्मीयता र तिम्रो मायालुपनले किन सधैंसधैं यस्तरी आकर्षित गरिरहन्छ मलाई ! तर, मान्छेको विशिष्ट चेतना नभइदिए तिम्रो अनुगृहीत पात्र अरू को हुन्थ्यो होला र ! आृनै सापेक्षमा भए नि तिमीलाई विशिष्ट अर्थ दिने उही मान्छे न हो ! आऊ ! आज तिम्रो मौलिक सुगन्धले आम नसामा एक भूगोलभरिको एउटै गर्विलो नश्लचेत भरिदेऊ ! सबैसबै तिम्रो इशारामा एक आवाजले दर्बिलो महत्ता उठ्न सकून् ! ! प्रिय आकाश ! तिम्रो जुन स्पेस ममा समाहित छह म त्यतिभरि नै छु र त्यही स्पेस म, तिम्रो वन्दना गरिरहेछु । तर म जुन स्पेसको जुन मर्यादामा उभिएको छुह त्यो मेरो आफ्नो कामना हो, मर्यादा हो । यद्यपि, म उभिएको भीडमा ममात्र छैन । भीडभित्र पनि आृनै मर्यादाको उचाइतिर उन्मुख म आफैमा बेग्लो छुह जुन उचाइ मात्र मेरो होह जो सँगैको भीडले पनि देख्न सक्नेछन् । यद्यपि एउटै छतको मतमा ओत लागेर पनि दुई तारावीचको स्पेसमा बेग्लो-बेग्लो अनेकौं सिताराहरू जग्मगाउन सक्छन् ! यसैले प्रिय ! अविभाजित सग्लो छत ओढाइदेऊ धरतीलाई ! ता कि कसैको अनुरोधमा एउटै छतमुनि एकसाथ एउटै सुर र तालमा प्रेमगीत गाउन सकियोस् । यहाँसम्म आइपुग्नुमा जति दृश्यहरू बदलिएका छन्, जति दृश्यहरू छुटेका छन्- तेज, जल, थल, वायु, आकाश ! यिनै पाँच संवेदनहरूमा आवद्ध म, मेरा चरणबद्ध अनुभूतिहरूको सगोल एकल काव्य, मेरो अस्तित्वको प्रथम प्रमाण ! तिनलाई मेरो संचेतनाको प्रथम वन्दना ! यद्यपि, आफ्नै एकल काव्यमा प्रमाणित म अनि मेरो मर्यादा, मेरै विचारभन्दा अलग कुरा हुन् मेरै कर्म ! अनि कर्मभन्दा पनि फरक कुरा हुन् कर्मप्रतिको धारणा ! ! यहींनेर मान्छे सभ्यताको निर्माणमा बारबार फेर पर्दछ र यहींनेर हिलो छ्यापिएको मन लिएर मान्छेले कति मान्छे र मान्छेत्वको हत्या गरिसकेको छ । बाँकी रह्यो केवल मान्छेले उल्टा हिँड्नु ! ... सभ्यताको चिहानघारीतिर ! ! ... ! ! ! यतिखेर मान्छे बाटोखर्च जुटाउन आफ्नो खुट्टा बेचिरहेछ, तर म होसमै पुन: सम्भावनाको शिखरयात्रा प्रारम्भ गर्न चाहन्छु ! जीवन्त हिँड्दामा आफूबाहेकको मतलब गरेर आफू, आफूमा नरहेको कैयौं परम आनन्दको रमरम पल झफ्त भइरहँदा पनि कालान्तरमा आृनै अस्तित्वले सचेत धिक्कार्दा उही तथ्य कस्तरी पीडामा रूपान्तरित हुन पुग्दोरहेछ ! त्यहींनेर थप दु:खहरू कम्प्लिमेन्ट्रीका रूपमा प्राप्त हुन्छन् । प्रिय भावक ! यसर्थमै जीवन तिमीले भनेजस्तो सोच्नलायकभन्दा बढी भोग्नलायक छ । हुन त सोच्दामा पनि जीवन दुई आत्मगत समन्वयको सङ्गहालयजस्तो लाग्छ, तर त्यसको रहस्य पछि उद्घाटित हुन्छह र भोग्दामा पनि जीवनले आत्मगत समन्वयमै पूर्णता प्राप्त गर्दछ, तर त्यो तत्क्षण नै परम आनन्दको क्षण हुनेछ ... । यद्यपि, सुन्दर पुस्तकका परिच्छेदहरूजस्तै जीवनका हरेक पहेलीहरू रुचिकर छन् ! यतिखेर वर्षाऋतु मौसममा छायाङ्कित छ, तर मानिस अप्राकृतिक हुँदै जानुको उपहारस्वरूप मानिसलाई पोल्टाभरिभरि बाढी, पहिरो, पीडा मिलेको छ । प्रिय मान्छे ! यहाँनेर तिम्रो अक्कलहीन विद्रोह होइनह म चाहन्छु प्रथमत: तिमी पनि मसितै प्रकृतिस्थ होइदेऊ ! र, त्यही निर्धारित प्रारम्भ र अन्त्यबीचको मध्यान्तरमा अनि अस्तित्वको कुरा गर, पीडाको कुरा गर, प्रेमको कुरा गर, आँसुको कुरा गर, सुखको कुरा गर, जीवनको कुरा गर ! ! ! ! अन्तत: मृत्युसँग अँगालिएर प्रकृतिमै शरणागत हुनु त छँदै छ... ! फेरि पनि मेरा सपनाहरू जलिरहेको साँझ नै किन नहोस् ! भोलिको उज्यालो पक्षमा हस्ताक्षर गर्न म चुक्नेछैन ! ... ! ! सपनाको हार विपनामा खोज्ने आदतबाट पूर्णत: मुक्त छु म । हुन त विचारको आ-आफ्नै महल हुन्छ, माहोल हुन्छ, तर पनि महान् लेखकहरू आफ्नो गहन स्नेह दिएर त्यसको तरङ्गमा आफ्ना भावकलाई पनि आफूसँगै डुबाउँछन् । यसर्थ व्यक्तिको हत्याबाट विचारको हत्या गर्न सकिन्न, व्यक्तिको हत्याबाट व्यक्तित्व मर्दैन । बरु, एक विचारको फैलावटमा अर्को विचार छोपिन सक्छ, मधुरिन सक्छह अन्त्य होइन । विचारकै फैलावटमा उभिएर भन्दा भौगोलिक सीमामात्र राष्ट्र होइन, भौगोलिक सीमामा बाँधिनु नै राष्ट्रियताको उद्घोष होइन, त्यहाँको प्रकृति जप्नु मात्र राष्ट्रप्रेम होइनह यदि त्यो भूगोल जनताबिनाको छ भने त्यो राष्ट्र नै हुन सक्दैन, यदि जनताको रगत आँसु बगिरहन्छ भने त्यस राष्ट्रको अस्मिता स्वयंमा पहाडजत्रो प्रश्न होह जुन पहाडको पहिरोमा जोकोही पुरिन सक्छ, जुन पहिरोले जोकोहीको घर बगाउन सक्छ र देश भनिएको भूगोल पनि नामेट हुनसक्छ । यसर्थमा पोल्टामा आगो थाप्नु महान् भूल हो जानेर जानाजानी लुगा डढाउनु छैन, अस्तित्व नङ्ग्याउनु छैन । चराहरू गुँड फर्कने बेला भएको छ, म पनि आफ्नो वासतिर फर्कन चाहन्छु । धीत नमरुन्जेल शान्तिमा निदाउन चाहन्छु, तर मलाई रातभन्दा लामो सपना पनि देख्नु छैन । विपरीतमा जीवन जति विपत्तिपूर्वक बाँच्छु, घृणाको प्रहारले जति घाइते बन्छु तिनै पीडाको झङ्कारमा पीडामुक्तिको आकाङ्क्षासहित आफूलाई सुरक्षित महसुस गर्छु । मेरा तिनै पीडाहरूको पासोमा झुन्डिएर मेरो वर्तमानले आत्महत्या गरेको त्यो बदनाम रूख हिजोआज कुनै सपनाहीन एकै ठाउँमा कुँजो भएर झोक्राइरहन्छ । लाग्छ, ऊ कुनै निचोडहीन सोचमा मौन छ । उसबेलाको पीडाको भारले लच्किएका हाँगाहरूमा नानीहरू सैसैला खेल्छन् । अब अरू आत्महत्या थाम्ने सम्भावना भने छैन, तर कम्तीमा ऊ मान्छेजस्तो कृतघ्न छैन । अफसोस छ आफ्नै कृतघ्न बस्तीप्रतिह जुन बस्तीबाट मेरो भूगोलका खुसीहरू बर्सेनि मुग्लान झर्छन् । यदि म उभिएको भूमि आम जिन्दगीको करोडौं आँसुको सामूहिक सङ्कलनहीन सङ्ग्रहालय बन्दछ भने, यदि प्रिय भूमि तथ्य इतिहास रित्तिएको अभिलेखालय हुन्छ भने चिसोतातो सम्झौता नमिलेर कुनै घरलाई नसुहाउने पसाङ्गिएको ढोकाजस्तो विरूपताबाट या घरको छेउमा कतै निरर्थक थुप्रिनुपर्ने नियतिबाट पूर्ण मुक्ति खोज्नु छ । इतिहास सहुलियतमा टुङ्गिनुहुन्न । यसरी पीडाको जादूमय मन्त्रोच्चारणमा नै अस्तित्वजनित जीवनांश लिपिबद्ध हुँदोरहेछ ।

*-नेपाली कलासाहित्य डटकम*

कथा — विमल लामिछाने

## फलामको बङ्गारा र कास्यको आँसु

सहरको एउटा कुनामा दुईवटा विशाल सिमेन्टका पर्खालहरू जोडिएर एउटा साँघुरो गल्ली बनेको थियो । त्यहाँको एउटा कुनामा पुरानो घडी मर्मत गर्ने पसल थियो । पसलको नाम थियो- 'विश्वनाथ घडी मर्मत सेन्टर' । विश्वनाथ वर्षौंदेखि त्यहीं बसेर घडी मर्मत गर्दथे । उनको कपाल हिउँजस्तै सेतो भइसकेको थियो । र आँखाका ढकनीहरूमा सहरको नमेटिने धूलोको एउटा खैरो पत्र जमिसकेको जस्तो देखिन्थ्यो । विश्वनाथको अगाडि शिसाले अर्धभाग घेरिएको एउटा काठको पुरानो सोकेश थियो । सोकेशका धारहरुमा कतै सोलुसन वा गमका लत्का र कतै प्लाष्टिक टेपका कुट्काहरु लत्पतिँदै टाँसिएका थिए । जसको भित्रिभागमा हज्जारौं पुराना घडीका पुर्जाहरू, मृत समयका मसिना स्प्रिङहरू र फुटेका सिसाका टुक्राहरू छरिएका थिए । उनको टाउको माथिबाट प्रत्येक पाँच मिनेटमा मेट्रो रेल कड्कडाउँदै हुइँकिन्थ्यो । रेल गुड्दा पसलका भित्ताहरू मात्र होइन, विश्वनाथको छातीभित्रै मुटु र उनको बूढो मस्तिष्क पनि थर्किन्थ्यो । तर उनी न त झस्किन्थे, न त आृनो हातको मसिनो चिम्टालाई नै डगमगाउन दिन्थे । उनलाई यो कम्पनको बानी परिसकेको थियो, जस्तो कि यो सहरका लाखौं मानिसहरूलाई आफ्नो यान्त्रिक दासताको बानी परिसकेको छ । 'सहर आज अलि बढी नै हतारिएजस्तो छ, होइन विश्वनाथ दाई ?' गल्लीको मुखमा बत्तीको खम्बामा अडेस लागेर उभिएको एक युवकले सोध्यो । उसको नाम सुशान्त रहेछ । उसको अनुहार मेसिनको कालो मोसो र चिल्लो तेलले लत्पतिएको थियो । उसका हातहरू खल्तीभित्र कसिएका थिए र औंलाहरू अदृश्य रूपमा छटपटाइरहेका जस्तो देखिन्थ्यो । विश्वनाथले आँखाको लेन्स हटाएर त्यो युवकलाई हेरे । उसको अनुहारमा कुनै उर्जाशिल उज्यालो थिएन, फिस्से मुस्कानमा केवल सेता दाँतको लहर अनि छटपटिएको मनभित्रबाट रापिलो श्वास ह्वार ह्वार निस्केको थियो । त्यो युवक सहरको एउटा यस्तो बोल्ट थियो, जसलाई मेसिनको निरन्तर घर्षणले घिसारेर कुरुप बनाइसकेको थियो । हो, सबै साधन गुडिरहेका छन्, सुशान्त, विश्वनाथले घडीको एउटा सानो चक्कालाई सुस्तरी तेल लगाउँदै भने, तर कसैलाई थाहा छैन उनीहरू कहाँ पुग्न दौडिरहेका छन् । यो सहर एउटा विशाल फलामे अजिङ्गर हो, जसले हरेक बिहान लाखौं जीवित सपनाहरूलाई निल्छ, तिनको रगत र चेतना चुस्छ, अनि बेलुका तिनको हाडछाला मात्र ओकल्छ ।' विश्वनाथले हतार-हतार चलिरहेको घडीको पेंडुलमलाई रोके र टेबलको एउटा अँध्यारो कुनातिर इसारा गरे, जहाँ एउटा धातुको सानो बाकस थियो । त्यसभित्रबाट एउटा मधुरो, यान्त्रिक ढुकढुकी सुनिएको जस्तो भान हुन्थ्यो । तिमीलाई थाहा छ सुशान्त ? विश्वनाथको स्वर अझ गहिरो र रहस्यमयी बन्यो, 'यो सहरले केवल मानिसका सपना मात्र निल्दैन, यसले त प्रकृतिलाई पनि धातुमा रूपान्तरण गरिदिन्छ । अस्ति भर्खरै त्यो ठूलो स्वचालित फलाम कारखानाको ओभन सफा गर्दा कामदारहरूले एउटा अनौठो चिज फेला पारे । कारखानाको विशाल चिम्नीभित्र एउटा जीवित भँगेरा पसेको रहेछ । तर त्यो निसास्सिएर मरेन । कारखानाको विषाक्त धुवाँ र पग्लिएको फलामको रापले त्यसको प्वाँख, हाड र मासुलाई बिस्तारै गाल्दै लगेछ । जब त्यो ओभनबाट बाहिर निकालियो, त्यो चरा मरिसकेको थिएन, बरु त्यो त फलामको एउटा जमेको मूर्ति बनिसकेको थियो । त्यसका आँखाहरू कोइलाका टुक्रा जस्ता थिए र चुच्चो फलामको सियो जस्तो । अचम्मको कुरा के भने, त्यो फलामे चराको छातीभित्र अझै पनि एउटा सानो मेशिनरी ढुकढुकी बाँकी छ । त्यो सहरको कारखानामा उड्न खोज्छ, तर फलामको गह्रुङ्गो तौलले गर्दा भुइँमै पछारिन्छ । यो सहरले हामी सबैलाई त्यही फलामे चरा बनाउँदैछ । बाहिरबाट मरेको धातु, तर भित्रभित्रै कहिल्यै तृप्त नहुने छटपटी ।' विश्वनाथको कुरा सुनेर सुशान्तले पर सडकको मोडमा रहेको एउटा कास्यको सालिकतर्फ हेर्यो । त्यो सालिक देशका कुनै महान् क्रान्तिकारी नेताको थियो, जसले कुनै समय मानिसहरूलाई स्वतन्त्रताको सपना देखाएका थिए । तर आज, त्यो कास्यको मानिस अग्ला र अँध्यारा भवनहरूको छायामा पुड्को र निरीह देखिएको छ । उसको अनुहारमा सहरको विषाक्त धुलोको बाक्लो पत्र थियो र उसका आँखाहरू धूलोले टालिँदै गएका थिए । उसको एउटा हात पंजा फिँजाएर माथि उठेको थियो, मानौ उसले तल दौडिरहेको लोभी भीडलाई रोक्न खोज्दै भनिरहेको थियो कि 'रोक ! यो प्रगति होइन, यो त आत्मघाती उन्माद हो ।' तर फुटपाथमा गोलो टोपी लगाएका मानिसहरू हतार-हतार दौडिरहेका थिए । कसैसँग पनि त्यो नायकको अनुहारमा हेर्ने फुर्सद थिएन । पूँजी र सुनको शक्तिले मानिसहरूको स्मृतिबाट इतिहास र स्वतन्त्रता दुवै मेटाइदिएको छ । 'मलाई त लाग्छ विश्वनाथ दाई, सुशान्तका दाँतहरू रिसले कसिँदै गए, 'एक रात यी कास्यका मूर्तिहरू आफ्ना आसनबाट तल ओर्लिनेछन् । आँशु झार्नेछन् र तिनीहरू यो अपमान र एकाकीपन सहन नसकेर सहरबाट धेरै टाढा कुनै यस्तो फाँटमा जानेछन् जहाँ ताजा हावा बग्छ र जुन चम्किन्छ ।' मर्ने बेला त मानिसले शान्ति पाउनुपर्ने हो, तर यहाँ त धातु बनिसकेकाहरूलाई पनि सुख छैन । सुशान्तका कुरा सुनेर विश्वनाथका ओठहरूमा मुस्कान छायो । उनले आफ्नो पुरानो चश्मा पुछ्दै बाहिरको त्यो कास्यको सालिकतिर हेरे । 'तिमीले ठिक भन्यौ सुशान्त, तर तिनीहरू ओर्लिएर कता जानु ? सहरको सिमाना त धेरै टाढासम्म फैलिसक्यो, विश्वनाथले अर्को रहस्यको पर्दा उघारे, 'गत महिनाको कुरा हो, 'यो सहरमा एउटा ठूलो आँधी आएको थियो, सारा सहरको बत्ती निभेको थियो । म यही पसलको ढोकामा बसेर हेरिरहेको थिएँ । त्यो घनघोर अँध्यारोमा मैले त्यो कास्यको सालिकको आँखाबाट हरियो रङको एउटा बाक्लो तरल पदार्थ बगेको देखें । त्यो धातु खिएर निस्किएको खिया मात्र थिएन । त्यो त कास्यको आँसु थियो । त्यो आँसु भुइँमा खस्नासाथ कंक्रिटको सडकमा एउटा सानो प्वाल पर्यो । अचम्म ! भोलिपल्ट बिहान मैले हेर्दा, त्यो सिमेन्टको सानो चिराबाट एउटा हरियो दुबोको त्यान्द्रो पलाएको थियो, अर्को छिद्रमा हेरें त्यहाँ त एउटा पिपलको विरुवा कष्टसाथ उम्रिरहेको थियो । यो सहरको फलामे बंगाराले जतिसुकै चेतनालाई चपाउन खोजे पनि, कतै न कतै त्यो कास्यको आँसुले कङ्क्रिटलाई पगालेर जीवनको एउटा सानो अंश उमार्न खोजिरहेको हुन्छ । तर विडम्बना, दिउँसो हतारिएका कर्पोरेट जुत्ताहरूले त्यो दुबोको त्यान्द्रोलाई फेरि माटोमा मिलाइदिए ।' सहरमा साँझ पर्न थाल्यो । तर त्यो साँझमा पनि शीतलता थिएन । आकाश मसी जस्तै कालो र धमिलो भयो । त्यही बेला, सहरका भित्ताहरूमा विज्ञापनका पहेँला र चम्किला बत्तीहरू चुम्चुमाए । बीयर, गाडी र नयाँ रेजरका ती विज्ञापनहरू सिसाको पारदर्शी जेलभित्र थुनिएका प्रकाशभित्र कोरिएका डिजिटल आकृतिहरू थिए । तिनीहरू सूर्यका स्वतन्त्र किरण थिएनन् । तिनीहरू त 'पहेँलो शैतान' अर्थात् सुनका दासहरू थिए, जसले चिसो चमकका साथ मानिसहरूलाई पुकारिरहेका थिए । यहाँ आऊ ! आफ्नो खल्तीको अन्तिम सिक्का मलाई सुम्प र आफ्नो चेतनालाई अझ कुण्ठित बनाऊ !' मानिसहरू दिनभरिको कामले थकित भएर सोच्ने र प्रश्न गर्ने क्षमता समेत गुमाएर भेडाका बथान जस्तै ती उज्याला पसलहरूतिर ओइरिए । तिनीहरूले आफूलाई आवश्यक नपर्ने सडेगलेका सामानहरू किने, तर सबै सामान अलिपर रहेको फोहोरको ढ्वाङमा हाले र आफ्ना डेरातर्फ लागे, ताकि भोलि फेरि यो सहरमा काम गर्ने सडकआश्रित निमुखा मान्छेहरुकालागि नयाँ र ताजा पोषणयुक्त खानेकुरा तयार गर्न सकून् । गल्लीको एउटा झ्यालमा एउटी बुढीआमा देखा परिन् । मेट्रो रेलको तीव्र वेगले ल्याएको तातो र विषाक्त हावाले उनको सेतो कपाल खैरो चराको पखेटाझैं फर्फरायो । उनले आृना सिसाजस्ता निस्तेज आँखा चिम्लिदैं र पुस्तै कठिनले उघार्न खोज्दै कोठाको अँध्यारोभित्र हराइन्, जहाँ केवल फोहोर भाँडाकुँडा र खानेकुराका अवशेषहरू मात्र थिए । 'तपाईं यो घडी किन बनाउँदै हुनुहुन्छ, जसमा समय नै बाँकी छैन' ? सुशान्तले विश्वनाथलाई अन्तिम प्रश्न गर्यो । विश्वनाथले घडीको कभर सफा गरे, जसमा बाहिर चम्किरहेको कृत्रिम पहेँलो बत्तीको प्रतिबिम्ब देखियो । उनले गहिरो सास फेर्दै भने- 'म समय सच्याउन खोज्दै छु सुशान्त, ताकि कुनै दिन मानिसहरूले यस फलामे जालोलाई तोडेर बाहिर हेर्न सकून् । जबसम्म मानिसको आत्मामा एउटा सानो स्प्रिङ भए पनि जीवित रहन्छ, तबसम्म यो घडी पूर्ण रूपमा विजयी हुन सक्दैन ।' रात छिप्पिँदै गयो । समुद्रबाट आएको चिसो हावा सहरका तातो ढुंगा र खिया लागेका फलामहरूसँग ठोक्किएर आफैं विषाक्त बन्यो । सहर एउटा महाभोगी जनावरझैं असहज निद्रामा गर्जिरहेको थियो । गगनचुम्बी भवनहरूको उचाइले आकाशलाई यति टाढा धकेलिदिएको थियो कि सुदूर छितिजमा चम्किरहेका ताराहरू साना, एक्ला र असहाय जुनकिरी जस्ता मात्र देखिन्थे, ठ्याक्कै त्यही सहरको भुँडीभित्र हराएका मानिसहरू जस्तै, जसको आँखामा अब न त फलामको डर थियो, न त कास्यको आँसु बुझ्ने चेतना नै बाँकी थियो । 'विश्वनाथ घडी मर्मत सेन्टर'को कुनामा रहेको त्यो धातुको बाकसभित्र फलामे चराले फेरि एकपटक पखेटा चलाउन खोजे जस्तो गरी विश्वदिपको घडीको सुइ टिक-टिक गर्दै अनन्त गन्तव्य बोकेर आफ्नै गतिमा घुमिरहेको थियो । त्यो घडीको सुइलाई न उसको अन्तिम गन्तब्य थाहा थियो न शुरु ।

*-समकालिन साहित्य डटकम*

# पाल्पामा अवैध मदिरासहित दुई भारतीय नागरिक पक्राउ



**पाल्पा,** साउन २२/ पाल्पा प्रहरीले ठूलो परिमाणमा अवैध मदिरासहित दुई भारतीय नागरिकलाई पक्राउ गरेको छ । जिल्ला प्रहरी कार्यालय पाल्पाका अनुसार विशेष सूचनाका आधारमा तिनाउ गाउँपालिका-३, पैठेडाँडा चेकपोष्टमा गरिएको सवारी साधन जाँचका क्रममा भारतको गोरखपुरबाट पोखरातर्फ जाँदै गरेको भारतीय नम्बर प्लेट युपी ३२ एसटी ४२८६ नम्बरको कारबाट अवैध मदिरा फेला परेको हो ।

विहीबार राति प्रहरी चौकी दोभानबाट खटिएको प्रहरी टोलीले नियमित चेकजाँचका क्रममा उक्त कारलाई रोकी खानतलासी गर्दा Old Monk ब्रान्डको ७५० एमएलका ६११ बोतल तथा Signature ब्रान्डको ७५० एमएलका १२ बोतल गरी जम्मा ६२३ बोतल मदिरा बरामद गरेको प्रहरीले जनाएको छ । बरामद मदिराको अनुमानित मूल्य रु. ७ लाख ५१ हजार २०० बराबर रहेको छ । प्रहरीका अनुसार कार चालक भारत, लखनउ निवासी ३७ वर्षीय एमा मोदिन र सोही कारमा सवार भारत, एटा निवासी ४३ वर्षीय शिवनाथ मौर्यलाई पक्राउ गरेको हो । बरामद मदिरा, प्रयोग गरिएको सवारी साधन तथा पक्राउ परेका दुवै व्यक्तिलाई आवश्यक कानुनी प्रक्रिया अगाडि बढाइएको प्रहरीले जनाएको छ । सीमावर्ती क्षेत्र हुँदै अवैध रूपमा मदिरा तथा अन्य प्रतिबन्धित वस्तुको ओसारपसार नियन्त्रण गर्न पाल्पा प्रहरीले नियमित रूपमा चेकजाँचलाई प्रभावकारी बनाउँदै आएको र यस्ता गतिविधिमा संलग्न जो-कोहीमाथि कानुनअनुसार कारबाही गरिने जनाएको छ ।

## खेलकुद समाचार

### नेपालले एसियन कप गुमायो

**काठमाडौं,** साउन २२/ विश्व फुटबलको सर्वोच्च निकाय फिफाको निलम्बनका कारण नेपाली फुटबलले एसियाली फुटबल महासंघ (एएफसी)को आयोजनामा चीनमा हुने २० वर्ष मुनिको एसियन क्वालिफायर्स कप गुमाएको छ । क्वालिफायर्स खेल तालिका सार्वजनिक गर्दा नेपालको नाम समावेश छैन । एएफसीका अनुसार फिफाको निलम्बन नभएको भए नेपाल समूह 'आई'मा थियो । यससँगै नेपालले फिफाको निलम्बनका कारण लगातार तेस्रो अन्तर्राष्ट्रिय प्रतियोगिता गुमाएको छ । यसअघि एएफसी महिला च्याम्पियन्स लिग र एएफसी १७ वर्ष मुनिको महिला एसियन कप क्वालिफायर्सबाट पनि नेपाल बाहिरिएको छ । फिफाले गएको असार ११ गते अखिल नेपाल फुटबल संघ, एन्फालाई तेस्रो पक्षको हस्तक्षेप भएको भन्दै निलम्बन गरेको थियो ।यही अवस्था रह्यो भने नेपालले दक्षिण एसियाको सबैभन्दा ठूलो फुटबल प्रतियोगिता साफ च्याम्पियनसिप पनि गुमाउने जोखिम बढेको छ ।

## अर्थ/कर्पोरेट समाचार

# नेप्से ४ दशमलव ५ अंकले घट्यो



**पाल्पा,** साउन २२/ सेयर कारोबार साताको अन्तिम दिन शुक्रबार नेप्से परिसूचक घटेर बन्द भएको छ । नेप्से परिसूचक ४ दशमलव ०५ घटेर २ हजार ६ सय ५० दशमलव ०९ विन्दुमा झरेको हो ।

अघिल्लो दिन बिहीबार नेप्से परिसूचक १३ दशमलव ८२ अंकले घटेर २ हजार ६ सय ५४ दशमलव १५ विन्दुमा अडिएको थियो । उत्पादन तथा प्रशोधन, लघुवित्त, सामुहिक लगानी कोष एवं व्यापार उपसमूह बढ्यो भने बाँकी सबै उपसमूहरु घट्यो । कारोबारमा आएका ८६ कम्पनीको मूल्य बढ्यो, १८३ कम्पनीको मूल्य घट्यो भने ७ कम्पनीको मूल्य स्थिर रह्यो । कुल ४६ हजार ९१२ पटकको सेयर किनबेचमा ३ अर्ब ७७ करोड ४३ लाख रुपैयाँको सेयर कारोबार भएको छ । ती किनबेचमा १ करोड ३ लाख १३ हजार ९७९ कित्ता सेयर किनबेच भए । आत्मनिर्भर लघुवित्त वित्तीय संस्थाको ८ दशमलव ६०, सिभिल बैंक डिबेञ्चर २०८८ को ६ दशमलव ९६, एचएलआ लार्ज क्याप फन्डको ५ दशमलव १८, एनआइसी एसिया ब्यालेन्स फन्डको ५दशमलव १६, एनआईसी एसिया सेलेक्ट फन्ड ३० को ३ दशमलव ९७ प्रतिशतले मूल्य बढ्यो । माथिल्लो लोहोरे खोला हाइड्रोपावर कम्पनीको ६ दशमलव ९३, एभरेष्ट बैंक लिमिटेड डिबेञ्चरको ४ दशमलव ८०, आखुखोला जलविद्युत् कम्पनीको ३ दशमलव १८, बीओके डिबेञ्चर २०८६ को २ दशमलव ९९, प्राइम डिबेञ्चर २०८४ को २ दशमलव ९९ प्रतिशतले मूल्य घट्यो ।

# एक गरिब बिरामीको ...

... अनिलको तयो कारुणिक दृश्यलाई वरपरका अरु बिरामी र कुरुवाले पनि निहाल्दै थिए । त्योबेला रक्तचाप अस्थिर थियो । सुगर पनि नियन्त्रणमा थिएन । शल्यक्रिया गर्दा ज्यान जानसक्ने सम्भावना पनि रहेको चिकित्सकले बताएका थिए । कि मरिहाल्न पाएहुन्थ्यो, कि छिटो उपचार भइदिहाले हुन्थ्यो भन्ने घरी मनमा कुरा खेलिरहेको उनी सुनाउन्छन् । शल्यक्रियाको तयारी भइरहँदा चिकित्सकले परिवारका सदस्यलाई बोलाउन भनें । तर अनिलले अस्वीकार गरे । "मैले भनें, उनीहरूलाई नबोलाउनुस् । मरेपछि मात्रै खबर गरिदिनुस्", त्यो क्षण सम्झँदा अहिले पनि उनी भावुक बन्छन् ।

**पैसा भएको भए छटछटीमा बसेर मृत्युको पुकार**

अनिल भन्छन्, "हामीसँग पैसा भएको भए किन यति ढिलो अस्पताल आउँथ्यौं र ? गरिबलाई बिरामी पर्दा कसरी बचिएला भन्ने पीरभन्दा कसरी पैसाको जोहो गर्ने भन्ने चिन्ता हुने रहेछ ।" उनले सरकारी अस्पतालप्रति विश्वास भएकै कारण वीर अस्पताल रोजेका थिए । "सरकारले केही न केही त गर्ला । पैसा छैन भन्दैमा सरकारी अस्पतालका डाक्टरले आँखै अगाडि छटपटीं छटपटीं म मरेको कुन फदयले हेर्न सक्लान् र ? भन्ने लाग्यो", अनिल भन्छन्, "धन्न यहाँ डाक्टरहरूले मिलेर पैसा उठाए र शल्यक्रिया भयो । मेरा लागि उनीहरु जिउँदो भगवान् बने ।"

**कारुणिक दृश्यले मनै थामिएन: चिकित्सक**

वीर अस्पतालका चिकित्सक डा. सुशील विश्वकर्माले अनिलको त्यो कारुणिक दृश्यलाई निहालिरहेका थिए । "आवश्यक प्रक्रिया पुऱ्याउनुपर्नेलगायत कारण सबै विपन्न वर्गले नि:शुल्क उपचार पाउँदैनन् । फेरि उनलाई शल्यक्रिया गर्न ढिला भइसकेको थियो । के गर्नुभयो ?", उनी भन्छन्, "त्यो कारुणिक दृश्य धेरै बेर हेरेर बस्नै सकिएन । अनि हामी डाक्टरहरू मिलेर पैसा उठायौं र शल्यक्रिया सुरू भयो ।" अनिललाई अहिले ती भगवानरुपी डाक्टर नभएको भए आज बाँच्ने थिइन् भन्ने लाग्छ । उनका अनुसार शल्यक्रियापछि अस्पतालका चिकित्सकले उपचारमा सहुलियत दिलाउन पनि पहल गरेका थिए तर शल्यक्रिया सफल भए पनि अनिलको परिवारको आर्थिक संकट भने टरेको छैन । अस्पतालको बेडमा सुतेका अनिलको आँखामा गरिबीले दिएको पीडा छचल्किरहेको थियो ।

**मोबाइल धितो राखेर औषधि खरिद**

श्रीमान् अनिलसँग कुराकानी गरिररहँदा श्रीमती रश्मिला दमाईं मलिन अनुहार लिएर टुलुटुलु हेरेर बसिरहेकी थिइन् । श्रीमानको भावुक शब्दले रश्मिलाको पनि आँखा रसाइरहेको थियो । श्रीमान् सुतेको बेडको दायाँपट्टि चिन्तित मुद्रामा थिइन् उनी । अनुहारमा थकान थियो । अनि आँखामा चिन्ताले भरिएको आँसु । भविष्यको अनिश्चितता थियो । पेटमा तीनमहिने बच्चा हुर्किरहेको थियो । अनिलको पहिलो श्रीमतिले छाडेपछि दुई वर्षअघि रश्मिलासँग बिहे भएको हो । "यो समयमा डाक्टरले आराम गर्न, पोषिला खानेकुरा खान भन्नुहुन्छ । हामीजस्ता गरिबका लागि यी सब असम्भव कुरा हुन्", आँखाबाट झरेका आँसु कुर्ताको एक छेउले पुछ्दै भन्छिन्, "अहिले पनि औषधि किन्ने पैसा छैन । आफूसँग भएको मोबाइल नै नजिकैको मेडिकल पसलमा धितो राखेर औषिधि ल्याएको छु । अहिले पनि त्यो मोबाइल मेडिकलमै छ ।" उनीहरुले आफन्तसँग सम्पर्क गर्ने माध्यम पनि त्यही मोबाइल थियो । अहिले कसैलाई फोन गर्नुपरे पनि अरूको मोबाइल माग्नुपर्ने अवस्था छ ।"श्रीमान् निको भएर घर त आउनुहोला", उनी भन्छिन् "तर त्यसपछि औषधि किन्ने पैसा कहाँबाट ल्याउने ? घरमा खानेकुरा पनि छैन ।" गर्भावस्थाको शरीर । अस्पतालमा नि:शुल्क उपलब्ध हुने खानाले धन्न पेट भरिन्छ तर दिउँसो केही खान मन लाग्दा किनेर खाने पैसा नभएको उनी सुनाउन्छिन् । अहिले श्रीमानको हेरचाह र फर्किएपछि बालबालिका र वृद्ध आमाको चिन्ता छुट्टै छ ।

**छिमेकीको भरमा चलेको घर**

अनिल अस्पतालमा छन् । परिवारको कमाउने सदस्य थलिएपछि घरमा समस्या थपिएको छ । साना छोराहरु स्कुल जान्छन् । घरमा ९० वर्षे आमा छिन् । अहिले ती परिवारका सदस्यका लागि खाना पकाउने र खर्च जुटाउने कोही छैन । यस्तो अवस्थामा घरबेटी र छिमेकीले खाना दिने गरेको रश्मिला बताउन्छिन् । "अहिलेसम्म छिमेकीले छोराहरु र आमालाई खाना दिइरहनुभएको छ", उनी भन्छिन्, "काठमाडौँमा आफन्त पनि धेरै हुनुहुन्छ । भएकालेहरु पनि सहयोग गर्नसक्ने स्थितिको हुनुहुन्न ।"

**चार महिनाको कोठाभाडा बाँकी**

दमाईंको डल्लुको एउटा सानो कोठामा बस्छ । त्यही एउटा कोठामा अनिल, रश्मिला, तीन जना छोरा र वृद्ध आमा गरी छ जनाको परिवार बस्छ । मासिक पाँच हजार रुपैयाँ कोठाभाडा तिर्नुपर्छ । अहिले चार-पाँच महिनाको भाडा तिर्न बाँकी रहेको रश्मिला बताउन्छिन् । "कोठाभाडा तिर्न पनि सकेका छैनौं", उनी भन्छिन्, "अब घरबेटीले कहिलेसम्म पर्खिनुहुन्छ थाहा छैन ।" अस्पतालले खाना दिएको छ । चिकित्सकले पनि सकेको सहयोग गरेका छन् । उपचार खर्चमा केही छुटसमेत भएको छ तर अस्पतालबाट 'डिस्चार्ज' भएपछि औषधि, पोषिलो खाना र नियमित परीक्षणको खर्च कसरी जुटाउने भन्ने चिन्ता झन् ठूलो छ दमाईं दम्पतीका लागि । अनिल र रश्मिलाको कथा काठमाडौँमा अनौपचारिक क्षेत्रमा काम गर्ने हजारौं श्रमिक परिवारको प्रतिनिधि कथा हो । फुटपाथ व्यापार, दैनिक ज्याला, अस्थायी श्रम वा अनौपचारिक रोजगारीमा निर्भर परिवारमा नियमित बचत हुँदैन । स्वास्थ्य बिमा नहुने, आकस्मिक खर्च धान्न नसक्ने र एउटा गम्भीर बिरामीले सम्पूर्ण परिवारलाई गरिबीको गहिरो खाडलमा धकेल्ने अवस्था सामान्य बन्दै गएको छ ।

रश्मिलाको अन्य कुनै ठूलो सपना छैन । श्रीमान् निको भएर घर चाँडो फर्किन पाए र सानोतिनो काम गरेर गुजरा मात्रै चलाउन पाए पनि हुन्थ्यो झैं लाग्छ । "श्रीमान् निको भएर घर आउनुभयो भने बाँकी दु:ख त सहुँला", उनी भन्छिन्, "तर उनलाई केही भयो भने हामी सबैको जीवन नै सकिन्छ । फेरि पेटमा बच्चा हुर्किरहेको छ ।"वीर अस्पतालको बेडमा सुतिरहेका अनिलको शरीरको घाउ केही समयपछि निको होला तर गरिबीले बनाएको घाउ भने यति सजिलै निको हुने देखिँदैन । अनिलको यो कहानी उपचार, गरिबी, रोजगारी, सामाजिक सुरक्षाको अभाव प्रतिनिधिमूलक नेपालको एउटा सशक्त दस्तावेज हो ।

**नि:शुल्क उपचारमा सहजीकरण गरिने**

स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयले लक्षित वर्गका नागरिकलाई उपलब्ध गराइने नि:शुल्क उपचार सेवाको प्रभावकारी कार्यान्वयन गर्न लागिएको जनाएको छ । यसका लागि डा. नवराज जोशीलाई सम्पर्क व्यक्ति तोकिएको छ । उनले 'लक्षित वर्ग नि:शुल्क उपचार पोर्टल (सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८३)' कार्यान्वयनलाई प्रभावकारी बनाउने बताए । "नि:शुल्क उपचार प्राप्त गर्न नेपाल सरकारले वितरण गरेको विपन्न परिचयपत्र, सम्बन्धित स्थानीय तहको विपन्न वा असहाय भएको सिफारिस, बेवारिसे बिरामीका हकमा नेपाल प्रहरी वा स्थानीय प्रशासनको मुचुल्का वा सिफारिसमध्ये कुनै एक प्रमाण पेस गर्नुपर्ने व्यवस्था छ", डा. जोशीले भने । आकस्मिक अवस्थामा आवश्यक कागजात तत्काल उपलब्ध नभए स्वघोषणा फारामका आधारमा उपचार गर्न सकिने र अस्पतालबाट 'डिस्चार्ज' हुनुअघि आवश्यक प्रमाण पेस गर्नुपर्ने कार्यविधिमा व्यवस्था छ । त्यसबेला पनि प्रमाण उपलब्ध नभए सम्बन्धित स्थानीय प्रशासन वा प्रहरी कार्यालयको सिफारिस तथा मुचुल्काका आधारमा प्रक्रिया टुङ्ग्याउन सकिने व्यवस्था गरिएको उनको भनाइ छ । यस व्यवस्थाले लक्षित वर्गलाई उपलब्ध गराइने १० प्रतिशत नि:शुल्क बेड सेवा तथा विपन्न नागरिक उपचार सहायता कार्यक्रमलाई थप प्रभावकारी बनाउने अपेक्षा गरिएको मन्त्रालयले जनाएको छ ।

मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन
प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई